

# GMW अर्थात् विश्व वित्तीय सप्ताह २०२३ को अवसरमा राष्ट्रिय सहकारी बैंक लिमिटेडद्वारा आयोजित वित्तीय साक्षरता सचेतना कक्षामा स्वागत छ

# कुरा पैसाको : कसरी बचाउने ? कसरी कमाउने ?



# PLAN YOUR MONEY, PLANT YOUR FUTURE




Learn, Save, Earn, Permanent Theme

# प्रस्तुतीकरणमा समावेश हुने विषय

- वित्तीय साक्षरताको बारेमा जानकारी
- वित्तीय सेवा तथा उत्पादनहरुको को सही प्रयोग (बचत, ऋृण,बीमा,विप्रेषण आदि) को बारेमा जानकारी ।
- असल वित्तीय व्यवहारका उपायहरु ।

# तालिमको मुख्य उद्देश्य

१.वित्तीय साक्षरताको बारेमा जानकारी गराउने ।

२. व्यक्तिगत / पारिवारिक वित्तीय योजना निर्माण गर्न सहयोग गर्ने

३. पैसाको / वित्तीय सेवाहरुको सही प्रयोग, व्यवस्थापन वा असल वित्तीय व्यवहार निर्माणमा योगदान पुर्याउने

# आफ्नो वित्तीय अवस्थाको स्वः विश्लेषण

१. के अहिलेको आम्दानी हाम्रो आवश्यकता र चाहनाहरु पूरा गर्न पर्याप्त छ ?


२. के आफ्नो / पारिवारिको जीवनका भविष्यका कुनै सपना वा लक्ष्यहरु छन् ?

३. के आफूसँग भविष्य सुखी र सम्पन्न बनाउने सोच र योजना छ ?

४. के आफ्ना वित्तीय व्यवहारहरु सम्पन्न हुने बाटोतिर उन्मुख छन् ?

५. के आफूसँग आफ्ना लक्ष्य वा सपना पूरा गरिछाड्ने आत्मविश्वास र अठोट छ ?

# एफ् डब्लु राइफाइसन :



बचत तथा ॠण सहकारीका पिता

# सजिलो र सुखी भविष्यका लागि राइफाइसनको सल्लाह

- आर्थिक अवस्थामा सुधार गर्न दुईवटा कुराहरु महत्वपूर्ण छन् : बचत र कडा परिश्रम । दुईवटै कुराहरु एकअर्कासँग सम्बन्धित छन् ।
- सहकारीले कडा परिश्रम गर्नको लागि सँधैं प्रोत्साहन दिनुपर्दछ र लगानी गरी पैसा कमाउने अवसर प्रदान गर्नुपर्दछ ।
- पैसा सबै मानिसको जीवनलाई सुखी सजिलो बनाउने एक माध्यम हो । यो आर्थिक उन्नतिका लागि अनिवार्य छ ।

# क्रमशः

सहकारीहरुले सदस्यहरुलाई ऋृण दिने कुरामा मात्र ध्यान दिँदैनन्, दिनु हुँदैन । तिनीहरुको मुख्य उद्देश्य रकमको सही सदुपयोग र प्रभावकारी व्यवस्थापन गराउनेतर्फ हुन्छ ,हुनुपर्दछ ।

अनि सदस्यहरुले पनि सकेसम्म धेरै बचत गर्ने बानी गर्नु पर्दछ,ऋृणमात्र लिन खोज्ने, तोकेको कामभन्दा अन्य अन्य काममा खर्च गर्ने र तिर्ने बेलामा बहानाबाजी मात्र गर्नु हुँदैन ।

दैनिक जीवन धान्नका लागि रकम नहुँदा पनि मानिसहरू विलासिता र भड्किला कार्यमा पैसा खर्च गर्छन् । त्यसले विपन्नतातिर घकेल्छ । मितव्ययिता, बचत, उद्यमशील क्षेत्रमा लगानी आदिबाट मात्र सुखी , सजिलो र सम्पन्न भविष्य प्राप्त गर्न सकिन्छ ।

- राइफाइसन

# निष्कर्ष

१.जबसम्म सदस्यहरुमा आफ्नो पैसा सही प्रयोग गर्ने अर्थात सही व्यवस्थापन गर्ने क्षमताको विकास हुँदैन तबसम्म सदस्यको आर्थिक उन्नति संभव छैन


२.यसैले सदस्यहरुलाई सही वित्तीय व्यवहार सिकाउन जरुरी छ ।

३.वित्तीय व्यवहार सिकाउने मुख्य माध्यम वित्तीय साक्षरता हो ।

# वित्तीय साक्षरता भनेको के हो ?

आफुसग भएको धनसम्पत्ति, पैसाको सही प्रयोग तथा परिचालन ( व्यवस्थापन) गर्ने ज्ञान, सिपलाई नै वित्तीय साक्षरता/शिक्षा भनिन्छ ।



# सोचेर खर्च गर्न, बचाउन र कमाउन सिकाउने शिक्षा


## वित्तीय साक्षरता














# वित्तीय साक्षरताको उद्देश्य


- वित्तीय लक्ष्य निर्धारण गर्न सिकाउने ।
- उपयुक्त वित्तीय सेवाहरू छनौट र प्रयोग गर्न सक्ने क्षमता विकास गर्ने ।
- पैसालाई आम्दानी बढ्ने काममा लगाउन र विवेकपूर्ण तरिकाले पैसाको प्रयोग गर्न सिकाउने
- वित्तीय व्यवहारमा सकारात्मक परिवर्तन ल्याउने ।

# सहकारी सदस्यलाई किन वित्तीय साक्षरताको ज्ञान दिने ?

- सहकारीले प्रदान गर्ने सेवाहरु (बचत ऋण आदि) मा आकर्षिक गर्न, माग सिर्जना गर्न ।
- सेवाहरुको प्रयोगमा सदस्यको संलग्नता बढाउन र सही तरिकाले तिनको प्रयोग गर्न सिकाउन ।
- सदस्यहरुमा / मानिसहरुमा सही किसिमको वित्तीय व्यवहार सिकाउन ।
- वित्तीय सेवाहरुलाई प्रभावकारी बनाउन, आम्दानी बढाउन भविष्य सुखी र सजिलो बनाउन ।

# वित्तीय साक्षरता कक्षामा बसेपछि एक सुका पैसाको महत्त्व बुझियो ( video only 4 min.)


-











सब्जी खेती
मुडा व्यवसाय







Co founder of Microsoft


जन्म
खाना
कपडा
विवाह
शिक्षा
घर
उपचार
वृद्धावस्था
दैवी प्रकोप
मृत्यु

# वित्तीय लक्ष्य प्राप्ति वा आवश्यकता पूरा गर्नको लागि बचत र त्यसको योजना






# वित्तीय लक्ष्य प्राप्तिको आधार बचत




# बचत परिवारका सबै सदस्यले गर्ने



# आम्दानी - बचत = खर्च ( पहिला बचत अनि खर्च )




## बचतका फाइदा :

- पुँजीको निर्माण अर्थात सम्पत्ति वृद्धि
- भविष्यको लगानीको आधार
- जीवनका आवश्यकताहरू पुरा गर्न
- व्यवसाय सुरु तथा वृद्धि गर्न,
- उच्च शिक्षा अध्ययन गर्न
- कर्जाको लागि आधार

# आम्दानी कति हुन्छ खर्च कति हुन्छ त्यसको लेखाजोखा र अनावश्यक खर्चको कटौती






# वित्तीय डायरी बनाउने । आम्दानी खर्चको योजना गर्ने र हिसाब पनि राख्ने,

१० प्रतिशत व्याज पाउने गरी दिनको रु.१५ (एक गिलास चियाको मुल्य) मात्र वा मासिक रु.४५०। जम्मा गर्दै जाने हो भने ३५ वर्षमा १२ लाख ९८  हजार ८ सय ८४ रुपैँया हुन्छ।

त्यसमा आफूले जम्मा गर्ने पैसा १५ x  ३६५ = ५३४० वार्षिक र ५३४० x ३५ वर्ष = १८६९००। मात्र हो।

त्यसैले आम्दानीको कम्तीमा १० प्रतिशत बचत गरौं।

# फजुल खर्च नियन्त्रण गरी बचत गरौं । video 1 min.



पैसाको बचत तथा व्यवस्थापनको लागि यी दुई नियम सम्झनुहोस् ।



# ऋण

- ब्याज सहित फिर्ता दिने शर्तमा लिइइने रकम **ऋण** हो ऋण सुविधा हो र अवसर पनि हो ।














ऋणलाई उत्पादनमूलक क्षेत्रमा लगानी गर्ने











## ऋण लिने निर्णय गर्नुभन्दा अगाडि निम्न कुराहरुमा ध्यान दिने :

- ऋणका बारेमा परिवारमा छलफल गर्ने ।
- के कामका लागि ऋण लिने हो र कति लिने हो, बिचार गर्ने, पाइन्छ भन्दैमा धेरै नलिने ।
- ऋणको प्रक्रियाका लागि कागजातहरू के के चाहिन्छन्, जानकारी लिने ।


- ऋण तिर्ने स्रोतहरु के के हुन सक्दछन्, त्यसको लेखाजोखा गर्ने
  - ऋण समय, किस्ता सङ्ख्या, ब्याजदर र ऋणको लागि तिर्नपर्ने शुल्कहरू, ऋणको अन्य खर्च, जरिवाना आदिका बारेमा राम्रो जानकारी लिने ।
- व्यवसाय बिग्रेमा वा आकस्मिक अवस्था आईपरेमा तिर्ने वैकल्पिक उपाय के हुन सक्दछन् ,त्यसको बारेमा पनि सोच्ने ।

# ऋण लिइसकेपछि ध्यान दिनुपर्ने कुराहरु

- ऋणको सही प्रयोग गर्ने अर्थात उद्देश्य अनुरुप नै लगानी गर्ने
- किस्ता र ब्याज तिर्ने समयको बारेमा ध्यान दिने,तिर्ने
- आम्दानीका विकल्पहरु खोज्ने, बढी परिश्रम गरेर काम गर्ने
- एउटा ऋण तिर्न अर्को ऋण लिने काम नगर्ने त्यसले समस्यातिर लैजान्छ ।


- संस्थाले बलै ऋृण लगानी नगर्नै
- ऋृणको नियमित अनुगमन गर्ने प्रणालीको विकास गर्ने / प्रभावकारी बनाउने
- लगानीमा व्यक्तिगत सम्बन्ध भन्दा पनि नीति र पद्धति / लगानीका आधारहरुमा जोड दिने
- समयमा भुक्तानी गर्दा हुने फाइदा वा नगर्दा हुने हानीका बारेमा र कानूनी व्यवस्थाका बारेमा स्पष्ट जानकारी गराउने

# कर्जाको अग्रिम भुक्तानीमा शुल्क नलाग्ने र कर्जा दुरुपयोगले विपत्ति आउन सक्ने सम्बन्धी Video 1 min




रामको किराना पसल




क्षमता भन्दा बढी ऋण लिनु ठूलो समस्या हो

लिन सक्ने हैसियत विचार गरेर मात्र ऋण लिनुपर्छ ।






मिटर व्याज ढुकुटी जस्ता गैह्र कानूनी स्रोतबाट ऋण लिन अर्थात पैसाको कारोवार गर्न हुँदैन ।

# पारिवारिक बजेट





# पारिवारिक बजेट:

पारिवारिक बजेट पैसाको राम्रो व्यवस्थापन गर्ने उपयोगी साधन हो ।

हरेक परिवारले बजेट बनाएर मात्र खर्च गर्नुपर्दछ ।

**बजेटका फाइदाहरू :**

- बजेटले आम्दानी र खर्चका स्रोतहरूको पहिचान गर्न र आम्दानी कहाँ कहाँ खर्च हुन्छ भनेर थाहा पाउन मद्दत गर्दछ ।
- आम्दानीलाई विभिन्न शीर्षकमा बाँडफाँड गर्न र अनावश्यक खर्च कटौती गर्न मद्दत गर्दछ ।
- कति खर्च गर्ने र कति बचत गर्ने भन्ने निर्णय गर्न सघाउँछ ।
- भविष्यको योजना गर्न र आफ्ना वित्तीय लक्ष्यहरू पूरा गर्न सघाउँछ ।
- आफ्नो पैसाको राम्रो व्यवस्थापन गर्न सहयोग गर्छ ।

# खर्चका प्रकारहरु :




फजुल

रहर

आवश्यक

# कुनै परिवारको आम्दानी खर्चको उदाहरण

## शिवको वार्षिक आम्दानी र खर्चको अवस्था

| खर्च | | आम्दानी | |
|---|---|---|---|
| विवरण | रकम | विवरण | रकम |
| दैनिक आवश्यक वस्तुहरु (चामल, चिनी,नूनतेल, साबुन/महिना २०,०००/- | २,४०,०००/- | अलैंची बिक्री | ३,१०,०००/- |
| लुगा तथा स्कूल पोशाक | ४५,०००/- | अदुवा बिक्री | १,४०,०००/- |
| खेतीपातीको ज्याला तथा ढुवानी | ७५,०००/- | तरकारी-फलफुल बिक्री | १,१०,०००/- |
| यातायात | ३०,०००/- | साहू र साथीसँग ऋण | २,५०,०००/- |
| स्कूलको खर्च | ५०,०००/- | | |
| औषधी | ४०,०००/- | | |
| चाडपर्व | ६०,०००/- | | |
| शिवको व्यक्तिगत खर्च (वियर, चुरोट) | १,२०,०००/- | | |
| ब्याज भुक्तानी (प्रति महिना ४%) | १,२०,०००/- | | |
| भैपरि आउने खर्चहरु | ३०,०००/- | | |
| बचत | ० | | |
| जम्मा | ८,१०,०००/- | | ८,१०,०००/- |

- यो परिवारको आम्दानी खर्च कस्तो लाग्यो ?
- यस्तो अवस्थाले त्यो पविारको भविष्य कस्तो होला ?
- यो परिवारलाई तपाँइका सुझाव के छन् ? सजिलो भविष्यको लागि यो परिवारले के गर्न पर्ला ?

# जोखिमका घटनाहरु



# जोखिमले पार्ने असर बच्ने उपायहरु

- धनजनको हानी नोक्सानी हुन सक्छ, जीविकाकै लागि समस्या पर्न सक्दछ ।
- नियमित बचत गर्न समस्या हुन सक्दछ । ऋण लिएको भए तिर्न समस्या हुन सक्दछ ।
- मानसिक तनाव बेहोर्नुपर्ने हुन सक्दछ, भएको सम्पत्ति बेच्न पर्ने हुन सक्दछ ।

# जोखिमबाट बच्ने वा जोखिम घटाउने उपायहरु

१.बिमा २.आकस्मिक कोष वा बचत ३.पूर्वसावधानी

बिमाका लागि व्यक्तिले बिमा कम्पनीलाई नियमित रूपमा बिमाशुल्क (प्रिमियम) बुझाउनु पर्दछ ।


वि मा

# बिमा गर्दा ध्यान दिनुपर्ने कुराहरु :

- बिमा कम्पनी र बिमा गराउने व्यक्ति कानूनी मान्यता पाएको वा आधिकारिक हो

  होइन विचार गर्नुपर्छ ।
- बिमा गराउँदा बनाइएका सबै कागजातहरु सुरक्षित तरिकाले राख्नुपर्छ ।
- बिमा सम्बन्धी नीति नियमहरू फेरिइरहन सक्ने हुनाले त्यसको बारेमा जानकारी लिइरहनु पर्छ ।
- सकेसम्म आफूलाई पायक पर्ने, नियमित सम्पर्क भैरहने कम्पनी वा संस्थासँग बिमा गर्दा सजिलो र भरपर्दो पनि हुन्छ ।

# चलनचल्तीका बिमाहरू

- **स्वास्थ बिमा** : स्वास्थ बिमाले स्वास्थ उपचार र अस्पताल बस्नुपर्ने अवस्थाको खर्च समेट्छ ।
- **जीवन बिमा** :बिमाअवधि सकिए पछि बोनस सहित रकम फिर्ता आउँछ वा दुर्घटना वाअन्य कारण बाट बीमितको मृत्यु भएमा  परिवारका सदस्यलाई भुक्तानी दिइन्छ ।
- **दुर्घटना बिमा** :परिवारका सदस्यको दुर्घटना हुँदा यसले वित्तीय सुरक्षा प्रदान गर्दछ ।
- **बाली तथा पशुबिमा** :बालीनाली तथा पशुको हानी नोक्सानी हुँदा सहयोग पुऱ्याउँछ ।
- **सम्पत्तिबिमा** :यसले आगलागी ,चोरी जस्ता घटनाबाट सम्पत्तिको हानी नोक्सानीहुँदा सहयोग पुऱ्याउँछ।

# विप्रेषण अर्थात रेमिटान्स

एक ठाउँबाट अर्को ठाउँमा पैसा पठाउने कार्य विप्रेषण हो । आन्तरिक र बाह्य

वैदेशिक रोजगारी वा कमाइबाट देशमा भित्रिएको पैसालाई विप्रेषण अर्थात रेमिटान्स् भनिन्छ । अहिले आधाभन्दा धेरै नेपाली परिवारको घरमा विप्रेषण अर्थात रेमिटान्सबाट धेरथोर आम्दानी भैरहेको छ ।


## विप्रेषणका माध्यमहरु

**औपचारिक :**

जस्तै : बैंक तथा वित्तीय वित्तीय संस्थाहरु मनी ट्रान्सफर कम्पनीहरु, सहकारीहरु आदि ।

**अनौपचारिक** : हुण्डी,साथी,व्यापारीहरु आदि । नेपाल सरकारले अनौपचारिक माध्यमबाट पठाइने विप्रेषणलाई गैरकानुनी हुने भनी रोक लगाएको छ ।

# भिडियो १ मिनेट


रमिट्यान्सलाई औपचारिक माध्यमवाट स्वदेश पठाऔं
समय अवधि : ६० सेकेण्ड
निर्देशन : शिवहरी पौड्याल

# विप्रेषणको सही प्रयोग



# विद्युतीय बैंकिङ् सेवा

विद्युतीय मेसिनको सहायताले बैंक,वित्तीय संस्था तथा ग्राहकको प्रत्यक्ष सम्पर्कविना नै दिइने वित्तीय सेवा विद्युतीय बैंकिङ् सेवा हो ।

- ए.टि.एम., मोबाईल/ईन्टरनेट बैंकिङ्, एस.एम.एस बैंकिङ्, Any Bank Banking Service क्यू. आर.कोड आदि विद्युतीय बैंकिङ् सेवा हुन् ।




# फाइदाहरु:

- एउटा खाताबाट अर्को खातामा पैसा पठाउन सजिलो
- बचत,कर्जाको कारोबारको सूचनाहरु लिन सजिलो
- ऋणको किस्ता बुझाउन सजिलो
- खानेपानी, बिजुली टेलिफोनको बिल भुक्तानी गर्नेवत्तीको पैसा तिर्न सकिने, सामान्य मोबाइलबाट पनि हुन्छ
- मोबाईल र डिसहोम रिचार्ज गर्ने आदि कामहरू सजिलै गर्न सकिने
- समय र खर्चको बचत, पैसाको सुरक्षा, वित्तीय कारोबारमा गोपनीयता
- नोट छपाइको पैसा बच्ने

# ध्यान दिनपर्ने कुराहरु

- कार्ड नम्बर, Password, PIN, OTP जस्ता विवरणहरु गोप्य र सुरक्षित राख्ने
- Password तथा PIN समय समयमा परिवतर्न गर्ने
- चिठ्ठाको प्रलोभनमा आफ्नो बैंकिङ्ग विवरण कसैलाई नदिने ।
- Digital Banking को लागि रजिष्टर्ड मोबाइल नम्बर हराएमा तुरुन्त Stop गर्ने ।
- सामाजिक सञ्जालबाट रकम पठाउन अनुरोध गरिएमा अर्को माध्यमबाट पुष्टि गरेर मात्र Fund Transfer गर्ने ।
- हरेक कारोवार पश्चात बैकल्पिक माध्यमबाट कारोबारको पुष्टि गर्ने ।

# NRB- विद्युतीय भुक्तानी सम्बन्धी-Video 1 min.



# छलफलका मुख्य सार कुराहरु

- परिवारको आम्दानी खर्चको लेखाजोखा गर्नुहोस् र आफ्ना वित्तीय योजना पनि बनाउनुहोस् ।
- बचत गर्नुहोस्, सकेसम्म धेरै बचत गर्नुहोस् ।
- पैसाको योजना बनाएर मात्र खर्च गर्ने बानी गर्नुहोस् ।
- बचत, ऋण, बिमा विप्रेषण आदिको सेवा लिनुहोस्,सही प्रयोग गर्नुहोस् ।
- साधारण जीवनपद्धति अँगाल्नुहोस्, आवश्यक र ठीक्क खर्च मात्र गर्ने बानी बसाल्नुहोस् ।

- जोखिम घटाउन बिमा गर्नुहोस् ।
- पैसालाई व्यावसायिक काममा लगाउनुहोस्
- पैसाको गैर कानूनी कारोबारमा नफस्नुहोस् ।
- पैसाको कारोबार गर्दा विद्युतीय माध्यमको प्रयोग गर्नुहोस् ।
- पारिवारिक आम्दानी खर्चको हिसाब राख्ने बानी गर्नुहोस् ।

# सहमत हुनुहुन्छ ?

पैसाले भन्छ : तिमिले माया गरे, जतन गरे म तिमीसँग बस्ने थिएँ ।



# असल वित्तीय व्यवहार साथै सम्पन्न र सुखी जीवनका लागि हार्दिक शुभकामना !




विनोद अधिकारी
९८४१६४११०३
binod205@gmail.com